(सुनछहरी विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐनको दफा १८ को उपदफा २ सँग सम्बन्धित)

सुनछहरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः५ मितिः२०८१/०६/१५

**भाग - २**

## सुनछहरी गाउँपालिका

**सुनछहरी गाउँपालिका प्राकृतिक प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड, २०८१**

आज्ञाले,

नामः प्रेम बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत

सुनछहरी गाउँपालिका प्राकृतिक प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड, २०८१

प्रमाणिकरण मितिः २०८१/०६/१४

प्रकाशन मितिः २०८१/०६/१५

प्रस्तावनाः

प्राकृतिक प्रकोप पीडितलाई तत्काल जीवनयापन गर्न सहज र सक्षम बनाई प्राकृतिक प्रकोप हुनुभन्दा अघिको अवस्थामा पुऱ्याउन उद्धार तथा राहत वितरणको कार्य गर्न प्राकृतिक प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड बनाउन आवश्यक भएकोले सुनछहरी गाउँ कार्यपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "सुनछहरी गाउँपालिका प्राकृतिक प्रकोप पीडित उद्धार तथा राहत सम्बन्धी मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

२. **<u>परिभाषाः विषय प्रसंगले अर्को अर्थ नलागेमा,</u>**

(क) **"गाउँपालिका"** भन्नाले सुनछहरी गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) **"गाउँ कार्यपालिका"** भन्नाले सुनछहरी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) **"कोष"** भन्नाले दफा ७(१) बमोजिमको जम्मा भएको विपद व्यवस्थापन कोषलाई सम्झनु पर्छ।

(घ) **"गाउँ प्राकृतिक प्रकोप उद्धार समिति"** भन्नाले दफा ३ बमोजिमको प्राकृतिक प्रकोप उद्धार समिति सम्झनु पर्छ।

(ङ) **"वडा स्तरिय प्राकृतिक प्रकोप उद्धार समिति"** भन्नाले दफा ५ बमोजिमको प्राकृतिक प्रकोप उद्धार समिति सम्झनु पर्छ।

## परिच्छेद– २

## गाउँपालिका स्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **<u>गाउँपालिका स्तरमा देहाय बमोजिमको प्राकृतिक प्रकोप उद्धार समिति गठन हुनेछः</u>**

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | – संयोजक |
| (ख) गाउँपलिका उपाध्यक्ष | – सदस्य |
| (ग) वडा अध्यक्षहरु मध्येबाट एक जना | – सदस्य |
| (घ) विपद व्यवस्थापन शाखा प्रमुख | – सदस्य |
| (ङ) गाउँ प्रहरी प्रमुख | – सदस्य |
| (च) आधारभूत स्वास्थ्य तथा सरिसफाई कार्यालय संयोजक | – सदस्य |
| (छ) गैरसरकारी सस्था महासंघ प्रतिनिधि एक जना | – सदस्य |
| (ज) नेपाल प्रत्रकार महासंघ प्रतिनिधि एक जना | – सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य सचिव |

४. **<u>समितिको वैठक सम्वन्धि व्यवस्थाः</u>** (१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको वैठक वस्नेछ

(२) समितिको सदस्य सचिवले समितिको वैठक वस्ने, मिति, समय र स्थाप तोकी वैठकमा छलफल हुने विषय सुचि सहितको सूचना वैठक वस्ने समयभन्दा चौविस घण्टा अगावै सवै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) समितिका पचास प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा वैठकको लागि गणपुरक सङख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा ले खिएको भएता पनि समितिको वैठक तत्काल वोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै वेला पनि समितिको वैठक वोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको वैठक वस्न सक्नेछ।

(५) समितिको वैठक संयोजकको अध्यक्षतामा वस्नेछ।

(६) समितिको निर्णन वहुमतद्धारा हुनेछ र मत वरावर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय वा सङघ संस्थाका प्रतिनिधि र विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको वैठक सम्वन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

## परिच्छेद – ३

## वडा स्तरीय प्राकृतिक प्रकोप उद्धार समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**५. वडा स्तरमा देहाय बमोजिमको प्राकृतिक प्रकोप उद्धार समिति गठन हुनेछः**

(क) वडा अध्यक्ष – संयोजक

(ख) वडा सदस्यहरु –सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरु – सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरु – सदस्य

(ङ) राष्टिय मान्यता प्राप्त दलका वडा स्थित प्रमुख वा प्रतिनिधि – सदस्य

(च) स्थानीय रेडक्रस, – सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारीत संघसंस्था तथा युवा क्लववाट संयोजकले तोकेवमोजीम न्यूनतम २ महिला सहित ४ जना – सदस्य

(ज) वडा सचिव – सदस्य सचिव

**६. समितिको वैठक सम्वन्धि व्यवस्थाः** (१) समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा वस्नेछ।

(२) समितिको सदस्य सचिवले समितिको वैठक वस्ने मिति, समय र स्थान तोकी वैठकमा छलफल हुने विषयसूची सहितको सूचना वैठक वस्ने समयभन्दा चौवीस घण्टा अगावै सवै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) समितिका पचास प्रतिशतभन्दा वढी सदस्य उपस्थित भएमा वैठकको लागि गणपुरक सङख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको वैठक तत्काल वोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै वेलापनि समितिको वैठक वोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको वैठक वस्न सक्नेछ।

(५) समितिको वैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ।

(६) समितिको निर्णय वहुमतद्धारा हुनेछ र मत वरावर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(७) समितिले आवश्यकता अनुसार सम्वन्धित निकाय वा सङघ संस्थाका प्रतिनिधि र विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको वैठक सम्वन्धी अन्य कार्य विधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ।

(९) समितिको निर्णय सदस्य सचिवको प्रमाणित गरी राख्नेछ।

## परिच्छेद — ४

## ❖ विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

**७. विपद् व्यवस्थापन कोषः**

(१) विपद् व्यवस्थापनका लागि गाउँपालिकामा छुट्टै एक आकस्मिक कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहने छनः-

(क) गाउँपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै संघ संस्था वा व्यक्तिबाट दान,दातव्य वा उपहार स्वरुम प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) विपद् व्यवस्थापनका लागि गाउँपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्नेछ।

(४) कोषको सञ्चालन तोकिय बमोजिम हुनेछ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम नियमित प्रशासनिक कार्यका लागि खर्च गरिने छैन।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्नेछ।

## परिच्छेद –५

## उद्धार तथा राहत सम्बन्धि मापदण्ड

**८. उद्धार तयारी व्यवस्थापनः** (१) गाउँपालिका केन्द्रमा प्राकृतिक प्रकोप उद्धार समितिले खोज र उद्धार सामग्रीको पर्याप्त भण्डारणको व्यवस्था गरी गाउँपालिकाको जुन सुकै क्षेत्रमा प्रकोप आएका बखत आवश्यकता अनुसार तत्काल राहत पुर्‍याउने व्यवस्था मिलाउने। यसका लागि खोज तथा उद्धार सामग्री गाउँपालिका केन्द्र र आवश्यकता अनुसार जिल्ला स्तरमा भण्डारको व्यवस्था गर्ने। जोखिममा परेका वस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण अथवा बस्ती स्थानान्तरण लगायतका उपयुक्त व्यवस्था गर्नको लागि आवश्यक अध्ययन अनुसन्धान, योजना तथा कार्यक्रम निर्माण, बजेट तथा स्रोत साधनको व्यवस्था गर्ने र यस्ता वस्तीको जोखिम घटाउने सम्बन्धी कार्यक्रमको कार्यान्वयनको व्यवस्था गर्ने। प्रकोपको जोखिममा रहेका क्षेत्रको Risk Assessment तथा Hazard Mapping को व्यवस्था गर्ने। वडामा

वडा स्तरीय प्राकृतिक प्रकोप उद्धार समिति रहने छन्। उनीहरुले समेत उद्धार कार्यमा सहयोग गरी पीडितको पहिचान गरी राहातका लागि गाउँपालिका समक्ष सिफारीस गर्नेछन।

(२) स्थानीय स्तरका प्रकोपका प्रकृतिको पहिचान गरी सो बाट पीडितहरुको खोजी र उद्धार गर्ने कार्य को लागि दक्ष र तालिम प्राप्त जनशक्ति न्यूनतम ५ जना जुनसुकै बेला परिचालन गर्न सकिने अवस्थामा राख्ने व्यवस्था गाउँ कार्यपालिका तथा प्रमुख प्रशासकीय अधिकृतले मिलाउने। तालीम प्राप्त जनशक्तिको साथै प्रकोपको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालिन खाद्यान्न एवं लत्ताकपडाका भण्डारणको व्यवस्था गर्ने।

(३) खोज र उद्धार कार्यको लागि ७ वटै वडामा गाउँ प्राकृतिक प्रकोप उद्धार समिति मातहतमा खोज र उद्धार सामग्रीहरु भण्डारण गरी राख्ने व्यवस्था मिलाउने। यसमा न्यूनतम ५ जना उद्धारकर्मीलाई उद्धार कार्यमा प्रयोग गर्न आवश्यक पर्ने सामग्रीहरु स्थानीय आवश्यकताको आधारमा पहिचान गरी भण्डारणको व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले मिलाउने।

(४) गाउँ प्राकृतिक प्रकोप उद्धार कोषमा रु. ५,००,०००।–(पाँच लाख) न्यूनतम मौज्दात कायम राख्ने व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले मिलाउने।

(५) सामाजिक एवं गैर सरकारी संघ–संस्थाहरुको सहयोग समेत लिई प्रकोप व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने काम गाउँपालिका केन्द्र र वडा स्तरमा गर्ने।

(६) प्रकोपको समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्न गाउँ प्राकृतिक प्रकोप उद्धार समितिले सम्भव भएसम्म विद्यालय, स्वास्थ्य केन्द्र बाहेक पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने।

(७) खोज तथा उद्धारका लागि आउने स्वदेशी तथा विदेशी टोलीलाई सहयोग गर्ने गराउने तथा समुचित प्रवन्ध गाउँ प्राकृतिक प्रकोप उद्धार समितिले मिलाउने।

## ९. <u>आपतकालीन उद्धार तथा राहत वितरणः</u>

(१) प्रकोपका घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु.२५०००। (पच्चिस हजार) का दरले मृतकका परिवारलाई सहयोग उपलब्ध गराउने।

(२) प्रकोपबाट पूर्णरुपमा घर नष्ट भएका वा खाद्यान्न वाली तथा जग्गा जमीन समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि रु.२००००।- (वीस हजार) सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउने।

(३) घरको आंशिक क्षति, गोठ आगलागी तथा पहिरोले भत्काएमा सहयोग स्वरुप रु. १००००।(दश हजार) उपलब्ध गराउने।

(४) प्रकोपको समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन गर्नु पर्ने अवस्था भएमा गाउँ प्राकृतिक प्रकोप उद्धार समितिले तत्काल जिल्ला प्राकृतिक प्रकोप उद्धार समिति एवं. उद्धारसंग सम्बन्धित अन्य निकायमा सम्पर्क राखी आवश्यक व्यवस्था मिलाउने।

(५) प्रकोपमा परि खाद्यान्न वा थप आर्थिक सहायता उपलब्ध गराउनु पर्ने परिवारका परिवार संख्या समेत खुलेको लगत घटना हुने वित्तिकै जिल्ला प्रशासन कार्यालय मार्फत प्रदेश तथा संघीय गृह मन्त्रालयमा पठाउने।

(६) पीडितहरुलाई राहत वितरण गर्दा स्थानीय उद्धार समिति गठन भएको स्थानमा सो समिति मार्फत र अन्य ठाउँको हकमा गाउँ प्राकृतिक प्रकोप उद्धार समिति मार्फत नै राहत सहयोग उपलब्ध गराउने।

(७) घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्णरुपमा नष्ट भएका वा पूर्ण नष्ट नभएतापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई प्रति परिवार रु. १०,०००।- (दश हजार) सम्म आर्थिक सहयोग उपलब्ध गराउने।

(८) कुनै व्यक्ति वा परिवारको कुनै सदस्य दुर्घटना वा आत्महत्याको कारण मृत्यु भई शव उठाउन वा काज क्रिया गर्न नसक्ने भएमा वा गाउँपालिका क्षेत्र भित्र बेवारिसे शव फेला परेमा सद्गत खर्च रु ५०००।- देखि १००००।- सम्म खर्च दिने।

(९) प्राकृतिक विपदबाट गाई, भैसी, घोडा, खच्चड को मृत्यु भएमा प्रति गोटा रु १५००।(पन्ध्र सय) र भेडा, बाख्रा, सुंगुर, बंगुर को मृत्यु भएमा प्रति गोटा रु १०००।(एक हजार) राहत उपलब्ध गराउने ।

(१०) बेवारिसे व्यक्तिको तत्काल उद्धार गर्नु परेमा बढिमा रु १०००० ।(दश हजार) सम्म सहयोग रकम उपलब्ध गराउन सकिनेछ ।

(११) गाउँपालिकाको जनप्रतिनिधि तथा कर्मचारी कार्यालयको कामकाज शिलसिलामा दुर्घटनामा परि घाइते भएमा, अङ्गभङ्ग भएमा वा मृत्यु भएमा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुने।

(१२) विपदजन्य घटनाका कारण व्यक्ति गम्भीर घाइते भई तत्काल उपचारको लागि अस्पताल लैजानुपर्ने भएमा अस्पताल सम्म पुर्याएको एकतर्फि एम्बुलेन्स भाडा पालिकाले बेहोर्नेछ । घाइतेको उपचारको लागि पालिकाले सहजिकरण गर्नेछ ।

(१३) प्रकोपका पीडितहरुलाई पुनःस्थापन तथा पुनःनिर्माणका लागि प्रचलित नीति तथा कानून बमोजिम गाउँ स्थित वन, वातावरण, फोहरमैला तथा विपद् व्यवस्थापन शाखाले सम्बन्धित निकायसँग समन्वय गरी सहुलियत दरमा काठ उपलब्ध गराउने।

(१४) भूकम्प, बाढी, पहिरो, आगलागी, असिनापानी, हुरी बतास, चटयाङ्ग, शीतलहर, हिमपातका साथै प्रकोपका कारणबाट भएको हवाई, सडक एवं डुङ्गा दुर्घटना बाट प्रभावित पीडितहरुलाई मात्र राहत सहयोग उपलब्ध गराउने।

(१५) आर्थिक सहायताको लागि प्रक्रिया पुरा गरि सहयोग रकम माग गर्न आएमा रु १०००० सम्मको सहयोग रकम गाउँपालिकाका अध्यक्षको तोक आदेश अनुसार प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित व्यक्तिलाई रकम उपलब्ध गराउन सकिने छ तर १०००० भन्दा माथिको रकम उपलब्ध बनाउनु परेमा गाउँपालिकाको विपद व्यवस्थापन समितिबाट अनुमोदन गराउनु पर्नेछ।

(१६) उपचार सहयोगको लागि स्वास्थ्य शाखाको समेत राय लिन सकिनेछ।

(१७) विपद्मा उद्धार सहायता उपलब्ध गराउन चाहने संघ संस्थाले अध्यक्षको आदेश लिनु पर्नेछ।

(१८) निर्धारित मापदण्ड बमोजिम राहत सहयोग उपलब्ध गराउँदा गाउँ प्राकृतिक प्रकोप उद्धार समितिले घटना भएको ३० दिन भित्र सूचना प्राप्त भएको घटनाका लागि मात्र राहत सहयोग उपलब्ध गराउने व्यवस्था गर्ने।

**अनुसूची –१**

**(दफा ९ सँग सम्बन्धित) राहत प्राप्तिको लागि गाउँपालिका कार्यालयमा दिईने निवेदनको ढाँचा**

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुनछहरी गाउँपालिकाको कार्यालय, पोबाङ रोल्पा

विषयः राहत रकम उपलब्ध गराईदिनु हुन।

महोदय,

प्रस्तुत विषयमा यही मिति………………….गतेको बाढि/पहिरो/आगलागि/असिनापानी, चटयाङ्ग/हावापानी/भूकम्प/ डुङ्गा दुर्घटना........................को कारण मेरो…………………………….पूर्ण/आंशिक रुपमा नष्ट भई अन्दाजी………………….बराबरको क्षति भएकोले म, मेरो श्रीमान/श्रीमति/मेरो आमा/बुवा/बाज्ये/बज्यै/ छोरा…..जना, छोरी….जना, दाजुभाई……जना, दिदि वहिनी…..जनाको परिवारको जीवनयापन गर्न कठिन भएकोले विस्थापित भएकोले तहाँ कार्यालयको नियमानुसार राहत रकम उपलब्ध गराईदिनु हुन प्रहरी सर्जमिन मुचुल्का, वडा कार्यालयको सिफारिस, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, घटना घटेको स्पष्ट जानकारी दिने तस्विरहरु संलग्न राखि यो निवेदन पेश गरेको छु।

निवेदक

हस्ताक्षरः

नाम, थरः

ठेगानाः

परिवारको संख्याः

महिला पुरुष जम्माः

**संलग्न कागजातहरु :**

१. वडा कार्यालयको सिफारिस
२. नागरिकताको प्रतिलिपी
३. प्रहरी सर्जमिन मुचुल्का
४. प्रकोपको फोटो